राजदेवी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

राजदेवी, रौतहट

प्रदेश नं. २, नेपाल

मिति :- २०७७/०१/०८

## प्रेस विज्ञप्ती

उपरोक्त सम्बन्धमा विश्व भरी फैलिएको कोरोना भाईरस (Covid -19) को संक्रमणले पुरै विश्व यस महामारीको प्रकोपबाट आक्रान्त भएको सर्वविदितै छ ।

वैश्विक महामारीको कारण प्रभावित भएका गरिव, विपन्न वर्ग, ज्यालादारी गर्ने मजदुरलाई तत्काल राहत उपलब्ध गराउन संघीय सरकारको निर्देशन तथा प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड अनुसार यस राजदेवी नगरपालिकाको कार्यपालिकाको वैठकबाट भएको निर्णयानुसार निर्वाचित वडा अध्यक्षको प्रत्यक्ष रोहवरमा सर्वदलिय वैठकबाट प्रत्येक वडामा वितरण भई रहेको राहतको सम्बन्धमा केही जिम्मेवार व्यक्तिको संचार माध्यम, समाजिक संजाल मार्फत आएको भ्रामक अभिव्यक्ति विचार प्रति यस नगरपालिकाको ध्यानार्कषण भएको छ ।

नगरपालिकाले प्रत्येक प्रभावित वर्ग, समूदाय, व्यक्ति, विपन्न, दलित तथा लक्षित वर्गलाई निर्धारीत मापदण्ड अनुसार स्तरीय खाद्यान्न समाग्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको मापदण्डको ६(१) अनुसार वडा अध्यक्षहरुलाई उपलब्ध गराईएकोमा राहत वितरणमा पक्षपात, अनियमितता समेत नभएको जानकारी गराउन चाहान्छौ । राजनीतिक कार्य गतिविधिका कारण केही व्यक्तिले भ्रामक, गलत एवं तथ्यहिन प्रचार-प्रसार गरी नगरपालिकालाई वदनाम गर्ने दुस्प्रयास गरी रहेको हुँदा सत्य सथ्य एवं आधार प्रमाणको आधारमा सामाचार अभिव्यक्ति प्रकाशन प्रसारण गर्न अनुरोध गर्दछौं ।

विना आधार प्रमाण सम्बन्धमा तथ्य हिन कुरा लेखेको खण्डमा वाध्य भएर नगरपालिका कानूनी बाटो समेत अवलम्ब गर्ने व्यहोरा यसै प्रेश विज्ञप्ती मार्फत सम्बन्धीत सबैमा जानकारी गराउदछौ ।

धीरेन्द्र कुमार सिंह

नगर प्रमख

धिरेन्द्र कुमार सिंह
नगर प्रमुख
राजदेवी नगरपालिका
राजदेवी, रौतहट